


वर्ष ४४ अंक ९ नेपाल राष्ट्र बैंक समाचार जेठ २०७७ मे–जुन २०२०

# नेपाल राष्ट्र बैंक ६५औं वर्षमा प्रवेश

## आर्थिक क्रियाकलापलाई प्रोत्साहित गर्न राष्ट्र बैंक प्रतिबद्धः गभर्नर अधिकारी



गभर्नर महा प्रसाद अधिकारीले कोभिड-१९ को संक्रमणका कारण अर्थतन्त्रमा देखिएको संकटको सामना गर्नको निम्ति विभिन्न नीतिगत उपायमार्फत आर्थिक क्रियाकलाप विस्तारलाई प्रोत्साहित गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको बताउनुभएको छ ।

बैंकको ६५ औं वार्षिकोत्सवका अवसरमा २०७७ वैशाख १४ गते वक्तव्य दिँदै गभर्नर अधिकारीले सो कुरा बताउनुभएको हो । वक्तव्यमार्फत, कोभिड-१९ का कारण मुलुक लकडाउनको अवस्थामा रहँदा असर परेका क्षेत्रमा प्रवाहित कर्जामा आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासमा भुक्तानी गर्नुपर्ने ब्याजमा सहुलियत प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने जानकारी उहाँले दिनुभयो । साथै, कोभिड-१९ बाट बढी प्रभावित क्षेत्रलाई चालू पुँजी कर्जा प्रदान गर्ने व्यवस्थालाई थप सहज बनाउन आवश्यक व्यवस्था मिलाइनेसमेत उहाँको वक्तव्यमा उल्लेख छ ।

साना तथा मझौला उद्योग, पर्यटन र कोभिड-१९ को प्रभाव अत्यधिक परेका क्षेत्रमा प्रादेशिक सन्तुलनसमेत कायम हुनेगरी पुनरकर्जा सहज ढङ्गले प्रवाह गर्न सोसम्बन्धी कार्यविधिमा संशोधन गरिने प्रतिबद्धता गभर्नर अधिकारीले जनाउनुभएको छ । त्यसको निम्ति रु.६० अर्बको विद्यमान पुनरकर्जा कोषलाई आवश्यकता अनुसार वृद्धि गर्दै लगिने जानकारी समेत उहाँले दिनुभयो ।

गभर्नर अधिकारीका अनुसार बैंकिङ क्षेत्रबाट हुने कर्जा प्रवाहलाई थप सहजीकरण गर्न आवश्यक उपायहरू राष्ट्र बैंकले अवलम्बन गर्नेछ । कोभिड-१९ बाट बढी प्रभावित भएका क्षेत्रमा प्रवाह भएको कर्जालाई पुनरतालिकीकरण वा पुनर्संरचना गर्न सकिने सुविधा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने उहाँको भनाइ छ । लकडाउनको अवधिमा भुक्तानी गर्नुपर्ने कर्जाको भुक्तानी अवधि थप गर्न सकिने जानकारीसमेत गभर्नर अधिकारीले दिनुभएको छ ।

गभर्नर अधिकारीको सम्बोधनमा

भनिएको छ, "कोभिड-१९ को संक्रमणका कारण उत्पन्न महामारीबाट सिर्जित आजको विषम परिस्थितिमा वित्तीय प्रणालीमा लगानीयोग्य साधनको अभाव हुन नदिन तथा वित्तीय क्षेत्रबाट परिचालन हुने स्रोत साधनलाई पूर्वाधारका क्षेत्र, साना तथा मझौला उद्यम, कृषि, उर्जा, पर्यटनलगायत अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन तथा आपूर्ति गर्ने एवम् रोजगारी सिर्जना गर्ने क्षेत्रमा निर्देशित गर्नेतर्फ नेपाल राष्ट्र बैंक कटिबद्ध छ।"

कोभिड-१९ संक्रमणको अवस्थामा मुलुकको पर्यटन, उद्योग, व्यापार, व्यवसाय, वैदेशिक रोजगारी, वित्तीय क्षेत्र र पूर्वाधार निर्माणलगायतका क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्दै अर्थतन्त्रलाई विस्तारको बाटोमा अगाडि बढाउँदै समष्टिगत आर्थिक स्थायित्व कायम गर्न राष्ट्र बैंक प्रतिबद्ध रहेको समेत गभर्नर अधिकारीले उल्लेख गर्नुभएको छ।

नेपाल राष्ट्र बैंक ६४ वर्ष पूरा गरी ६५ औं वर्षमा प्रवेश गरेको अवसरमा बैंकको उद्देश्य प्राप्तिमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका बैंकका सञ्चालक समितिका पदाधिकारी एवम् कर्मचारीहरूमा उहाँले धन्यवाद ज्ञापन गर्नुभएको छ। साथै, गभर्नर अधिकारीले बैंकलाई सहयोग पुऱ्याउने नेपाल सरकार, बैंक तथा वित्तीय संस्था, अन्तर्राष्ट्रिय विकास साझेदार र सञ्चार माध्यमप्रति आभार प्रकट गर्नुभएको छ।

# गभर्नर अधिकारीद्वारा नयाँ वर्षको शुभकामना



गभर्नर महा प्रसाद अधिकारीले नयाँ वर्ष २०७७ ले नेपाल राष्ट्र बैंकका कर्मचारीहरूलाई थप उर्जाशील बनाउने विश्वास व्यक्त गर्नुभएको छ। नयाँ वर्षको अवसरमा २०७७ वैशाख २ गते बैंकको उच्च व्यवस्थापन र कर्मचारीहरूलाई शुभकामना दिँदै गभर्नर अधिकारीले बैंक परिवारका सदस्यहरूबीच आपसी सद्भाव थप प्रगाढ बन्ने विश्वाससमेत व्यक्त गर्नुभयो।

कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण नेपालको अर्थतन्त्र अनपेक्षित रूपमा प्रभावित भएको जनाउँदै गभर्नर अधिकारीले यसबाट बाह्य क्षेत्र र वित्तीय स्थायित्वमा चुनौती थपिएको उल्लेख गर्नुभयो। यस्तो परिस्थितिमा सरोकारवाला पक्षले बैंकको कदमलाई अत्यन्तै नजिकबाट नियालिरहेको उल्लेख गर्दै उहाँले सन्देशमा अगाडि भन्नुभएको छ, "यस्तो अवस्थामा स्वाभाविक रूपमा बैंकको काँधमा महत्वपूर्ण भूमिका र जिम्मेवारी थपिएको छ। सरकारको आर्थिक सल्लाहकार र समग्र वित्तीय प्रणालीको नियामकको हैसियतले अर्थतन्त्र र वित्तीय प्रणालीलाई स्थायित्व दिनका निम्ति भोलिका दिनमा हामीले अझ बढी परिणाममुखी ढङ्गले कार्यसम्पादन गर्नुपर्ने अवस्था सिर्जना भएको छ।"

## कार्यदल गठन

नेपाल राष्ट्र बैंकले कोभिड-१९ का कारण वित्तीय क्षेत्रमा परेको असरका बारेमा आवश्यक अध्ययन गरी नियामकीय सम्बोधन गर्न एक कार्यदल गठन गरेको छ।

नेपाल राष्ट्र बैंक, व्यवस्थापन समितिको २०७७ वैशाख २१ को निर्णय अनुसार बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको संयोजकत्वमा उक्त कार्यदल गठन भएको हो। कार्यदलमा अनुसन्धान विभागका निर्देशक, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रतिनिधि, नेपाल लेखामान बोर्डका प्रतिनिधि सदस्य र नियमन विभागका निर्देशक सदस्य-सचिव तोकिनुभएको छ।

उक्त कार्यदललाई किस्ता भुक्तानी सुरु हुने (मोराटोरियम) अवधि, कर्जा वर्गीकरण र प्रोभिजनिङ, कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण, ब्याजको पुँजीकरण, पुँजी पर्याप्ततासम्बन्धी विषयलगायतका अन्य विषयमा नीतिगत सुझावसहितको प्रतिवेदन १५ दिनभित्र पेश गर्ने कार्यादेश दिइएको थियो।

# आर्थिक लेख प्रतियोगिता सम्पन्न

नेपाल राष्ट्र बैंकको ६५ औं वार्षिकोत्सवको अवसरमा बैंकका कर्मचारीबीच आर्थिक लेख प्रतियोगिता सम्पन्न भएको छ।

उक्त प्रतियोगितामा बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक अभियान उपाध्यायले प्रथम स्थान हासिल गर्नुभएको छ। उहाँको 'Opportunities and Prospects of Cashless Nepal: A Perspective' शीर्षकको लेख प्रतियोगितामा सामेल थियो। यसैगरी, अनुसन्धान विभागका सहायक निर्देशक चोपकान्त सुवेदी र सामान्य सेवा विभागका सहायक निर्देशक सोमराज नेपालीले क्रमशः द्वितीय र तृतीय स्थान हासिल गर्नुभयो। उहाँहरूको लेखको शीर्षक क्रमशः 'वाणिज्य बैंकहरूको सम्पत्ति तथा पुँजीमा प्रतिफलः अन्तर्राष्ट्रिय परिवेश र नेपाल' र 'Shadow Banking and Nepal Rastra Bank: A Policy Review' थियो।

प्रथम, द्वितीय र तृतीय हुने विजयी कर्मचारीहरूलाई क्रमशः रु.१० हजार, रु.८ हजार र रु.६ हजार नगद तथा प्रमाणपत्र प्रदान गरिनेछ। प्रतियोगितामा बैंकका १२ जना कर्मचारीको सहभागिता रहेको थियो। उक्त प्रतियोगिता गभर्नरको कार्यालयले सञ्चालन गरेको हो।

# पूर्वबजेटकालीन अन्तरक्रिया सम्पन्न




नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम तर्जुमाको निम्ति सुझाव संकलन गर्ने उद्देश्यले २०७७ वैशाख २६ गते पूर्वबजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो। गभर्नर महा प्रसाद अधिकारीको उपस्थितिमा अनुसन्धान विभागले वेबिनारमार्फत उक्त अन्तरक्रिया आयोजना गरेको हो।

विगतमा बैंकले प्रत्यक्ष रुपमा अन्तरक्रिया कार्यक्रम आयोजना गरी सरोकारवालाहरूसँग सुझाव लिँदै आइएकोमा विश्वव्यापी रूपमा देखापरेको कोभिड-१९ को विषम परिस्थितिका कारण मुलुक बन्दाबन्दीमा रहेको र सामाजिक दूरी कायम गर्नुपर्ने अवस्था रहेकोले यस वर्ष वेबीनार मार्फत अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा बैंकका प्रवक्ता एवम् अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले अन्तरक्रियाको उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रमको सहजीकरण गर्नुभयो। गभर्नर महा प्रसाद अधिकारीले कोभिड-१९ ले अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावलाई न्यूनीकरणको निम्ति राष्ट्र बैंक केन्द्रित रहेको उल्लेख गर्दै सहभागीहरूबाट प्राप्त सुझावको आधारमा नेपाल सरकारसमक्ष पूर्वबजेटकालीन समीक्षा प्रतिवेदन पेश गरिने जानकारी दिनुभयो।

अन्तरक्रियामा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा, नेपाल उद्योग परिसंघका अध्यक्ष सतिशकुमार मोर, होटल एसोसिएसन अफ नेपालका अध्यक्ष सिर्जना राणा, नेपाल धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुङ्गाना, नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष कमलेश अग्रवाल, नेपाल पोल्ट्री व्यवसायी महासंघका अध्यक्ष डा. गुणचन्द्र विष्ट, नेपाल निर्यात परिषद्का अध्यक्ष हरिबहादुर कार्की, नेपाल बैंकर्स एसोसियनका अध्यक्ष भुवनकुमार दाहाल, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपालका अध्यक्ष गोविन्द ढकाल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधर, नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष वसन्तराज लम्साल, त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा.कुसुम शाक्य, नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष उमेशप्रसाद सिंह, नेपाल इन्भेष्टमेन्ट फोरमका अध्यक्ष छोटेलाल रौनियारलगायतको सहभागिता थियो। उहाँहरूले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित विषयमा धारणा राख्दै कोभिड-१९ को विषम परिस्थितिका कारण आफ्नो क्षेत्रमा परेको असर न्यूनीकरणका लागि आवश्यक नीतिगत सुझावहरू प्रस्तुत गर्नुभएको थियो।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६९ को उपदफा ४ मा राष्ट्र बैंकले प्रत्येक वर्ष आर्थिक तथा वित्तीय विषयमा नेपाल सरकारसमक्ष पूर्वबजेटकालीन समीक्षा प्रतिवेदन पेश गर्ने व्यवस्था छ। अन्तरक्रियामा प्राप्त सुझावसमेतको आधारमा आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम तर्जुमाको निम्ति बैंकको तर्फबाट नेपाल सरकारसमक्ष विभिन्न सुझावसहितको पूर्वबजेटकालीन समीक्षा प्रतिवेदन पेश गर्नका लागि उक्त अन्तरक्रिया आयोजना गरिएको थियो।

कार्यक्रममा बैंकका डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठसहित विभिन्न विभाग/कार्यालयका विभागीय प्रमुखहरूको उपस्थिति थियो।



# विभाग/कार्यालयको नाम हेरफेर

नेपाल राष्ट्र बैंकले विभिन्न विभाग/कार्यालयको नाम हेरफेर गर्ने भएको छ। गभर्नर महा प्रसाद अधिकारीद्वारा २०७७ बैशाख २३ गते स्वीकृति प्रदान भएबमोजिम विभाग/कार्यालयको नाम हेरफेर गर्न लागिएको संस्थागत योजना विभागले जनाएको छ । हेरेफेरको व्यवस्था आउँदो साउन १ देखि लागू हुनेछ ।

विभागका अनुसार, सामान्य सेवा विभागलाई 'सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग', अनुसन्धान विभागलाई 'आर्थिक अनुसन्धान विभाग' र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागलाई 'लघुवित्त संस्था सुपरिवेक्षण विभाग' मा परिवर्तन गरिनेछ । यसैगरी, संस्थागत योजना विभागलाई परिवर्तन गरी 'संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग' बनाइनेछ भने बैंकिङ कार्यालयलाई 'बैंकिङ विभाग'मा परिणत गरिनेछ । सूचना प्रविधि विभागलाई 'सूचना प्रविधि महाशाखा' बनाइनेछ । उपत्यकाबाहिरका कार्यालयलाई भने प्रदेशस्थित कार्यालयमा रुपान्तरण गरिनेछ ।

बैंकले यसअघि स्वीकृत गरेको 'जनशक्ति योजना (२०७६/७७-२०७८/७९)' मा विभिन्न विभाग/कार्यालयको नाम परिवर्तन गर्ने प्रस्ताव गरिएको थियो ।

# ब्याजमा छुट दिन राष्ट्र बैंकको निर्देशन

नेपाल राष्ट्र बैंकले कोभिड-१९ बाट प्रभावित ऋणीहरूका निम्ति दुई प्रतिशत ब्याज छुट दिन बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७७ वैशाख १६ सूचना जारी गर्दै ऋणीहरूको गत चैत मसान्तमा कायम ब्याजदरमा दुई प्रतिशतले कम गरी आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको ब्याज रकम गणना गर्न निर्देशन दिएको हो । तथापि, खाद्यान्न प्रशोधन तथा बिक्री वितरण, ग्यास उत्पादन तथा बिक्री वितरण, औषधि बिक्री तथा वितरणसँग सम्बन्धित व्यवसाय, सोप एण्ड केमिकल्स, इन्टरनेट सेवा प्रदायक, सुर्ती तथा मदिराजन्य उद्योग, सञ्चालनमा रहेको जलविद्युत आयोजनाको हकमा भने यस्तो सुविधा लागू हुने छैन ।

यसरी ब्याजदर गणना गर्दा आधारदरभन्दा कम गर्न बैंक तथा वित्तीय संस्थाहरू बाध्यकारी नहुनेसमेत विभागले स्पष्ट पारेको छ । इजाजतपत्रप्राप्त खुद्रा कारोबार गर्ने 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाले ऋणीहरूको २०७६ चैत मसान्तमा कायम ब्याजदरमा तीन प्रतिशत बिन्दुले कम गरी आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको ब्याज रकम गणना गर्नुपर्ने जनाइएको छ । २०७७ असार मसान्तपछि भने बैंक तथा वित्तीय संस्थाले विद्यमान व्यवस्थाबमोजिम नै आधारदरका आधारमा कायम हुने ब्याजदर निर्धारण गर्न सक्नेछन् ।

यसैगरी, 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले कोभिड-१९ बाट प्रभावित होटेल, रेस्टुरेन्ट, रिसोर्ट, ट्राभल, ट्रेकिङलगायत पर्यटन तथा हवाई उड्ययन, व्यावसायिक प्रयोजनका सवारी साधन, साना तथा मझौला उद्योग, निर्यात उद्योग, मनोरञ्जन उद्योग, अस्पताल, पोल्ट्री व्यवसाय आदिमा सक्रिय वर्गमा वर्गीकृत ऋणीको परियोजना वा व्यवसायमा परेको प्रभाव तथा वित्तीय अवस्थाको आधारमा ऋण प्रदान गर्ने संस्था आश्वस्त भएमा आवश्यकता पहिचान गरी स्वीकृत सीमाको १० प्रतिशतसम्म थप चालू पुँजी कर्जा प्रदान गर्न सकिने नियमन विभागद्वारा जारी सूचनामा जनाइएको छ । यस्तो सीमा प्रदान गर्दा कर्जा स्वपुँजी अनुपातको व्यवस्था अनिवार्य हुने छैन । साथै यसरी प्रदान गरिएको सीमा नवीकरण गर्न पाइने छैन र भुक्तानी अवधि बढीमा एक वर्षको हुनसक्नेछ ।

'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाले २०७७ वैशाख तथा जेठ महिनामा असुल गर्नुपर्ने मासिक/त्रयमासिक किस्ताको भुक्तानी २०७७ असार मसान्तसम्ममा हुने व्यवस्था मिलाउनुपर्ने राष्ट्र बैंकले जनाएको छ । यस्तो किस्ताको हकमा कुनै किसिमको थप शुल्क वा हर्जाना लिन पाइने छैन । किस्ता असुल नभएका कारणले कर्जालाई तल्लो वर्गमा वर्गीकरण गर्न अनिवार्य हुने छैन ।

राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले लकडाउन अवधिमा भुक्तानी गर्नुपर्ने सम्पूर्ण चालू पुँजी प्रकृतिका अल्पकालीन कर्जाको साँवा तथा ब्याजको भुक्तानी अवधि ६० दिनसम्म थप गर्न सकिने जनाइएको छ ।

## बढुवा

नेपाल राष्ट्र बैंकले तीन जना निर्देशकलाई कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा बढुवा गरेको छ । जनशक्ति व्यवस्थापन विभागले २०७७ बैशाख १२ गते जारी गरेको सूचना अनुसार वित्त कम्पनी सुपरिवेक्षण विभागका रामु पौडेल, मुद्रा व्यवस्थापन विभागका विश्रुत थापा र संस्थागत योजना विभागका रामबहादुर मानन्धर कार्यकारी निर्देशकमा बढुवा हुनुभएको हो । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाइ ज्ञापन गर्दछ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
शिवप्रसाद घिमिरे

*सम्पादन सहयोगी*
विष्णुदत्त पाण्डेय
लालकुमार सुवेदी
नवीना ताम्राकार